# निर्वाचन आयोग, नेपाल

## कान्तिपथ, काठमाडौंको

## विभिन्न किसिमका मेसिनरी सामग्री तथा फोटोकपि पेपर खरिद गर्ने सम्बन्धी
## बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०६८।९।१८)

यस आयोगलाई तपसील बमोजिमका विभिन्न समूहमा उल्लेखित सामग्रीहरू आवश्यक भएकाले मूल्य अभिवृद्धि कर, आय करमा दर्ता भएका, इजाजत प्राप्त इच्छुक कम्पनी, फर्म र सप्लायर्सहरूबाट देहायका सर्तहरूको अधीनमा रही बोलपत्र आह्वान गरिन्छ :

१ इच्छुक कम्पनी/फर्म/सप्लायर्सहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिन मिति २०६८।१०।१७ सम्ममा (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) आ.व.२०६८।२०६९ सम्मको लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व २०६७।०६८ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाणको प्रमाणित कागजात समेत संलग्न गरी आधिकारिक ब्यक्तिले निवेदन दिई तपसीलमा उल्लिखित बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) तिरी निर्वाचन आयोगको जिन्सी फाँट कान्तिपथ, काठमाडौं र जिल्ला निर्वाचन कार्यालय, बबरमहल, काठमाडौंबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ ।

२ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिन मिति २०६८।१०।१८ (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) गते दिनको १२:३० बजेसम्ममा मात्र बोलपत्रमा भर्नुपर्ने कुराहरू प्रस्टसँग लेखी बोलपत्र फाराम भरी सिलबन्दी गरी खाममा बाहिर लाहाछाप लगाई आयोगमा बुझाउन सकिनेछ । सिलबन्दी बोलपत्र फारामको खाम बाहिर आफूले कुन समूहको लागि बोलपत्र फाराम पेश गरेको हो सो उल्लेख गरी बोलपत्रदाताको पुरा नाम, ठेगाना, सम्पर्क फोन नम्बर समेत उल्लेख गर्नुपर्नेछ ।

३ सिलबन्दी बोलपत्रसाथ धरौटी वापत तपसीलमा उल्लेख भएबजोजिमको रकम आयोगको नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको खाता नं १३१३२५ मा जम्मा गरी सोको सक्कल भौचर वा सो रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको "क" वर्गको वाणिज्य बैंकले जारी गरेको जमानत (विडवण्ड), आ.व.२०६८।६९ सम्मको लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व.२०६७।०६८ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाणको प्रमाणित फोटोकपि संलग्न राखी खामबन्दी गरी लाहाछाप लगाई सिलबन्दी गरी पेस गर्नुपर्नेछ ।

४ एक फर्मको नाममा खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

५ बोलपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ ।

६ बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

७ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वयम् घोषणापत्र सिलबन्दी बोलपत्रसाथ संलग्न गरेको हुनुपर्नेछ ।

८ यस सूचनाको म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी बोलपत्रहरू ३१ (एकतीस) औं दिन मिति २०६८।१०।१८ गते ( विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) दिनको ३:०० बजे यस आयोगमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । तर निजहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

९ आयोगले खरिद गर्ने सामग्रीहरूको परिमाणमा थपघट गर्न सक्नेछ । त्यसरी थपघट गरिएकोमा बोलपत्रमा कबोल गरेकै दररेटमा सामान उपलब्ध गराउनुपर्नेछ ।

१० बोलपत्र स्वीकृत भएमा स्वीकृत हुने बोलपत्रदाताले खरिद सम्झौता गर्नुअघि ५% (पाँच प्रतिसत) रकम उल्लिखित धरौटी खातामा जम्मा गरेको बैक भौचर वा सो रकम बराबरको "क" वर्गको वाणिज्य बैकले जारी गरेको १ वर्ष २ महिना म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेस गर्नु पर्नेछ ।

११ टेण्डर डकुमेण्टमा उल्लेख भए बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ को उप नियम २ को खण्ड (क) बमोजिम पेश गर्नुपर्ने कागजात अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

१२ संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा सामग्री आपूर्ति गर्न चाहने सप्लायर्सहरूले बोलपत्र फाराम खरिद गर्नुपूर्व नै आपसी सम्झौता गरी संयुक्त रूपमा फाराम खरिद गर्नुपर्नेछ ।

१३ निर्वाचन आयोगका आधिकारिक व्यक्तिको हस्ताक्षर गरी आयोगको छाप लगाएको सक्कल बोलपत्र फाराम खरिद गरी सोही बोलपत्र फाराम नै पेस गर्नु पर्नेछ ।

१४ बोलपत्र पेश गर्नु पूर्वको प्रि-बिडिङ्ग बैठक मिति २०६८।१०।०९ गते दिनको १४:०० बजे आयोगको सभा कक्षमा बस्ने छ ।

१५ बोलपत्रको प्रत्येक पेजमा बोलपत्रदाताको आधिकारिक व्यक्तिको दस्तखत तथा छाप लागेको हुनुपर्नेछ ।

१६ बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस आयोगमा सम्पर्क राख्न सकिनेछ ।

१७ बोलपत्र सर्तरहित, आयोगले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । समयसीमा भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका सर्त विपरित भएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१८ बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएकोले यस सूचनामा उल्लेख नभएका सर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

१९ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ ।

२० यस सूचनामा नपरेका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछन् ।

| क्र.स. | समूह | खरिद गरिने सामग्रीको विवरण | आवश्यक सङ्ख्या | बोलपत्र खरिद दस्तुर रकम रू. | विडवण्ड वापत राख्नु पर्ने धरौटी रकम रू. |
|---|---|---|---|---|---|
| १. | ए | मल्टिफङ्सन कपियर (हाइभोलम) | ९ (नौ) थान | ३,०००।०० | २,५२,०००।०० |
| २. | वी | युपिएस | ७५ (पचहत्तर) थान | १,०००।०० | ५०,०००।०० |
| ३. | सी | फोटोकपि पेपर | ५००० (पाँचहजार) रीम | १,०००।०० | ४८,०००।०० |

द्रष्टव्यः यो सूचना निर्वाचन आयोगको बेभसाइट www.election.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको बेभसाइट www.ppmo.gov.np मा पनि हेर्न सकिनेछ ।

सम्पर्कः निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाडौं, फोन नं ४२२५६१८, ४२२९४३५
जिल्ला निर्वाचन कार्यालय, बबरमहल, काठमाडौं फोन नं ४२६१२४७